नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०७७-०४-१५ गते बिहान ०७ बजे)

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, नारायणी, बबई, कर्णाली, कमला, बागमती, पश्चिम राप्ती,महाकालीमा नदीमा बहाव सामान्य बढ्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : श्रावण-१५ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली र महाकाली र यसका सहायक नदीमा बहाव सतर्कता सतर्कता आसपास हुने पूर्वानुमान छ। नारायणी र महाकालीको केहि साना सहायक नदीमा बहाव खतरा आसपास पुग्न सक्ने।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता तह भन्दा तलै हुने। आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई , पश्चिम राप्ती, बबई , तिनाउ, बाणगंगाका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव भई सतर्कता तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ।
- आज पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, संखुवासभा, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, चितवन, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम,प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र आसपास भई बहने साना नदीमा बहाव बढ्ने र केहि स-साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने संभावना रहेको छ ।

पूर्वानुमान भोलि : श्रावण-१६ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोली कोशी, नारायणी, कर्णाली र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने। महाकाली र यसका सहायक नदीमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान छ।
- भोलि कन्काई, पश्चिम राप्ती, बबईमा बहाव केहि बढ्ने, कमला, बागमतीमा केहि घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने। भोलि कन्काई, पश्चिम राप्ती, तिनाउका केहि साना सहायक नदीमा आकस्मिक बहाव भई सतर्कता तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ।
- भोलि प्रदेश १, २, गण्डकी प्रदेश, प्रदेश ५ को मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव बढ्ने र केहि स-साना नदीमा बहाव सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।

पूर्वानुमान पर्सी : श्रावण-१७ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी,कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने तर सबैमा बहाव सतर्कता भन्दा तलै हुने । मकाकालीका केहि सहायक नदीमा बहाव सतर्कता पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी कन्काई, पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने र सतर्कता भन्दा तलै हुने।
- पर्सी सबै प्रदेशको मध्यपहाडी, चुरे र तराई भई बहने साना नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ

सरोकारवालाका लागि परामर्श (Advisory):

- आज कोशी, नारायणी, कर्णाली र महाकाली र यसका सहायक नदीमा बहाव सतर्कता तह भन्दा केहि तल वा सतर्कता आसपास हुने पूर्वानुमान रहेकाले नदीतटिय क्षेत्रमा सतर्कता अपनाईराखौ। नारायणी र महाकालीको केहि साना सहायक नदीमा बहाव खतरा आसपास पुग्न सक्ने रहेकाले तटिय क्षेत्रमा सतर्क हौ।
- आगामी ३ दिन कन्काई, कमला, बागमती, बबई, पश्चिम राप्तीका केहि स-साना सहायक नदीमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाऔ।
- आज पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, संखुवासभा, सप्तरी, सिराहा लगायत प्रदेश २ का जिल्लाहरू, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, चितवन, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम,प्यूठान, सल्यान, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र आसपास भई बहने साना नदीमा बहाव बढ्ने र केहि स-साना नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने संभावना रहेकाले तटिय क्षेत्रमा सतर्क रहौ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ*) विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

नोटः पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

Forecast References:

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
(जारी मितिः २०७७-०४-१५, बिहान ०६:०० बजे)

मौसम विश्लेषण (Meteorological Analysis):-
देशभर मनसुनी वायुको प्रभाव रहेको छ। नेपालको पुर्वि तराई भू-भाग नजिक मनसुनी न्युन चापीय रेखा अवस्थित छ ।

हालको मौसमको अवस्था (Present Weather Status):
देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम बर्षा भइरहेको छ।

आगामी तीन दिनको मौसम पूर्वानुमान
साउन १५ गते (बिहिबार)

दिउँसो: देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश ५ र सुदुरपश्चिम प्रदेशहरूका धेरै स्थानहरूमा र प्रदेश १, प्रदेश २, बागमती, गण्डकी प्रदेशको एक/ दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ भने बागमती प्रदेश,गण्डकी प्रदेश र प्रदेश १ का एक वा दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ।

साउन १६ गते (शुक्रबार)

दिउँसो: देशका अधिकांश स्थानमा सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, बागमती प्रदेश ,गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशहरूका एक वा दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ भने प्रदेश १ ,बागमती प्रदेश ,गण्डकी प्रदेश, सुदुरपश्चिम प्रदेश, प्रदेश ५ का एक वा दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ।

साउन १७ गते (शनिबार)

दिउँसो: देशका अधिकांश स्थानमा सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। बागमती प्रदेश प्रदेश १,गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशका एक वा दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ भने प्रदेश १, प्रदेश २ प्रदेश ५ र सुदुरपश्चिम प्रदेश का एक वा दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ।

आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):

देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ भने प्रदेश ५ र सुदुरपश्चिम प्रदेशहरूका धेरै स्थानहरूमा र प्रदेश १,बागमती प्रदेश र गण्डकी प्रदेशका एक/ दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। ती स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   24 Hour Rainfall Forecast Today (9am to 9 am)
   24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform(Stream Flow Prediction Tool and HIWAT tool for Nepal (7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*



Time	Discharge
Jul 30 05:00	1093.5
Jul 30 06:00	1105.59
Jul 30 07:00	1116.67
Jul 30 08:00	1127.03
Jul 30 09:00	1137.17
Jul 30 10:00	1147.05
Jul 30 11:00	1157.09
Jul 30 14:00	1186.03
Jul 30 17:00	1206.83
Jul 30 23:00	1237.82
Jul 31 05:00	1250.54
Jul 31 17:00	1245.87
Aug 01 05:00	1291.99
Aug 01 17:00	1366.22
Aug 02 05:00	1413.94

11) SouthAsia Flash Flood Guidance System (Nepal)



२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)

12) Other Global Flood Forecasts

13) Satellite Cloud Picture

14) Etc…

थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।